छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ३७ • २०८३ साल आषाढ १२ गते शुक्रबार (26 June, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## सम्पर्क कार्यालय खोल्दै
### कांग्रेस इतर समूह



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसमा इतर समूह र संस्थापन पक्षसंग संवादहीनताको वातावरण कायमै रहदाँ दुबै पक्षबीच दुरी बढ्दै गएको छ । कांग्रेस इतर समूह र संस्थापन पक्षबीच सहमतिको सम्भावना बन्न नसक्दा पार्टी पूर्वसभापति शेरबहादुर देउवा समूह सम्पर्क कार्यालय खोल्ने भएको छ।

सभापति गगन कुमार थापासंग कुरा मिल्ने सम्भावना कमजोर बन्दै गएपछि इतर पक्षले छुट्टै कार्यालय खोल्ने तयारी थालिएको छ।

१५औं महाधिवेशनको तयारी गर्नको लागि सम्पर्क कार्यालय खोल्न लागेको इतर पक्षका नेता मीनबहादुर विश्वकर्माले जानकारी दिए।

नेता विश्वकर्माले भने, 'हाम्रो अहिलेसम्म कुनै कार्यालय छैन । महाधिवेशनको तयारी गर्नुपर्नेछ। नेताहरूको भेटघाट गर्नको लागि पनि त्यसैले सम्पर्क कार्यालय राख्न लागेका छौं। काठमाण्डुको महाराजगन्जस्थित चुनदेवी हुनसक्छ । विभिन्न ठाउँमा हेरिरहेका छौं।'

उनले करिब दुई दिनसम्ममा सम्पर्क कार्यालय खुल्ने बताए । अहिले संस्थापन पक्षसंग संवादहीनको अवस्थामा समेत उनले बताए।

उनले थप्दैं भने, 'तीन हप्ताअगाडि विश्वजीले प्रस्ताव पठाउनुभएको थियो । त्यही प्रस्तावलाई आधार बनाएर उहाँले पूर्ण दाइसंग पनि छलफल गर्नुभएको थियो। उहाँले सभापतिसंग बसेर सबै कुरा टुंग्याउनेगरी जानुभएको थियो । त्यसयता कुनै संवाद भएको छैन।'

सो सम्पर्क कार्यालय डा. शेखर कोइराला समूहलगायतका संस्थापन पक्षसंग असन्तुष्ट रहेका समूहसमेत सहभागी हुने विश्वास व्यक्त गरे।

### रास्वपा प्रथम महाधिवेशन
## केस चयनपछि पदाधिकारी निर्वाचनको तयारी, नेतृत्वमा सर्वसम्मतको प्रयास

**टुडे समचारदाता**

भरतपुर । सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशन अन्तर्गत केन्द्रीय सदस्यहरूको निर्वाचन सम्पन्न भएसंगै अब पदाधिकारी चयनको प्रक्रिया शु् भएको छ । निर्वाचन कार्यतालिका पाँचौं पटक संशोधन गर्दै निर्वाचन आयोगले उपसभापति, महामन्त्री र सहमहामन्त्रीसहित ६ पदाधिकारीका लागि बिहीबार रातिदेखि मतदान शुरु भएको छ । यद्यपि अन्तिम समयसम्म पदाधिकारीका लागि सर्वसम्मतका लागि प्रयाससमेत थालिएको छ। पदाधिकारीमा सहमतिको प्रयास जारी रहेकाले केही पदमा निर्वाचन नै नहुन सक्ने सम्भावना पनि रहेको स्रोतको दाबी छ।

संशोधित कार्यतालिकाअनुसार पदाधिकारी पदका लागि उम्मेदवारी दर्ता, दाबी-विरोध तथा अन्तिम नामावली प्रकाशनको प्रक्रिया साँझ सम्पन्न गरिनेछ भने मतदान राति ९:१५ बजेदेखि १२:१५ बजेसम्म सञ्चालन हुनेछ । नतिजा राति साढे १ बजेसम्म सार्वजनिक गर्ने लक्ष्य निर्वाचन आयोगले राखेको छ।

यसअघि सभापतिमा रवि लामिछाने निर्विरोध निर्वाचित भइसकेका छन्। त्यसैगरी वरिष्ठ नेतामा प्रधानमन्त्री बालेन्द्र साहको चयन निश्चित भएको स्रोतले जनाएको छ। अब दुई उपसभापति, एक महामन्त्री र तीन सहमहामन्त्री पदका लागि प्रतिस्पर्धा हुने भएको छ।

यस महाधिवेशनमा ९९ केन्द्रीय सदस्य पदका लागि ३७९ उम्मेदवार चुनावी मैदानमा उत्रिएका थिए। निर्वाचन आयोगका अनुसार प्रवासबाट अनलाइनमार्फत ४० मत र महाधिवेशनस्थलमा विद्युतीय प्रणालीमार्फत




२ हजार ९ सय ५९ मत खसेको छ। महाधिवेशनका लागि ४ हजार ३ सय ११ प्रतिनिधि चयन गरिएको जानकारी यसअघि दिइए पनि मतदानमा करिब १३ सय प्रतिनिधि अनुपस्थित देखिएका छन्। यसले पार्टीभित्र प्रतिनिधिको सक्रियता र संगठनात्मक व्यवस्थापनबारे प्रश्न उठाएको छ।

सरकारमा रहेका अधिकांश मन्त्री तथा चर्चित नेताहरूले केन्द्रीय सदस्य निर्वाचनबाट अत्यधिक मतलाई निर्वाचित भएका छन् । जसले पार्टीभित्र उनीहरूको प्रभाव कायम रहेको संकेत गरेको छ । महाधिवेशनको अर्को महत्वपूर्ण पक्ष भनेको सभापतिलाई दिइएको व्यापक मनोनयन अधिकार हो । रास्वपा विधानअनुसार १५१ सदस्यीय केन्द्रीय समितिमध्ये ५१ सदस्य सभापतिले मनोनीत गर्न सक्ने व्यवस्था छ। त्यस्तै एक उपसभापति, एक वरिष्ठ नेता, एक महामन्त्री, दुई सहमहामन्त्री, एक प्रवक्ता, तीन सहप्रवक्ता, एक कोषाध्यक्ष र दुई सहकोषाध्यक्षसमेत सभापतिले मनोनयन गर्न सक्ने प्रावधान रहेको छ।

यस व्यवस्थाले पार्टीभित्र समावेशी प्रतिनिधित्व र नेतृत्व व्यवस्थापनलाई सहज बनाउने तर्क गरिए पनि निर्णय प्रक्रियामा सभापतिको प्रभाव अत्यधिक हुने टिप्पणी पनि हुन थालेको छ। यही कारण कतिपय प्रभावशाली नेताहरूले प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी नदिई मनोनयनमार्फत नेतृत्व तहमा पुग्ने रणनीति अपनाएको बुझिएको छ।

अब पदाधिकारी निर्वाचनको परिणामले रास्वपाको आगामी शक्ति संरचना निर्धारण गर्नेछ। केन्द्रीय सदस्य निर्वाचनले लोकप्रिय नेताहरूको आधार देखाइसकेको अवस्थामा पदाधिकारी चयनले पार्टीभित्रको वास्तविक शक्ति सन्तुलन, समूहगत समीकरण र सभापति रवि लामिछानेको नेतृत्व शैलीलाई थप स्पष्ट पार्ने अपेक्षा गरिएको छ । महाधिवेशनपछि रास्वपा संगठनात्मक रूपमा कति मजबुत बन्छ र सरकार तथा पार्टीबीचको सम्बन्धलाई कसरी व्यवस्थापन गर्छ भन्ने अपेक्षा लिएको बताइएको छ।

केन्द्रीय सदस्य खुलातर्फ स्वर्णिम वाग्ले, सोविता गौतम, तोशिमा कार्की, राजिव खत्री, रञ्जु दर्शना, मनिष झा, विपिन आचार्य, रमेश प्रसाईं, सागर ढकाल, शिशिर खनाल, इन्दिरा राना, कबिन्द्र बुर्लाकोटी , निशा डाँगी, हरि ढकाल, गणेश पराजुली, यज्ञमणि न्यौपाने, गणेश कार्की, पुकार बम, समीक्षा बाँस्कोटा, जगदीश खरेल, रीमा विश्वकर्मा, सुलभ खरेल, सस्मित पोखरेल, ज्वाला संग्रौला, लिमा अधिकारी, विराजभक्त श्रेष्ठ, मिलन लिम्बु, राजुनाथ पाण्डे, अनुष्का श्रेष्ठ, हिमेश पान्त, विजय जैरू, अरनिको पाँडे, खगेन्द्र सुनारलगायतका केन्द्रीय सदस्यमा निर्वाचित भएका छन्।

यसअघि सभापतिमा रवि लामिछाने निर्विरोध चयन भइसकेका छन्।

## मधेशमा आलुको उत्पादकत्व सबैभन्दा कमजोर, माग धान्न अझै भारतकै भर

**टुडे समाचारदाता**

जनकपुरधाम । खाद्य सुरक्षा र कृषि अर्थतन्त्रको मुख्य आधार मानिएको आलु वालीमा नेपाल अझै परनिर्भर नै छ।

नेपालमा माग अनुसार पर्याप्त परिमाणमा आलुको बीउ र आलु उत्पादन हुन नसक्दा भारत लगायत अन्य मुलुककै भरमा नेपालीको भान्छा चल्दै आएको छ।

नेपालमा आलुको वार्षिक माग करिब ३९ लाख ७० हजार मेट्रिक टन पुगे पनि स्वदेशी उत्पादनले धान्न नसक्दा हरेक वर्ष ठूलो परिमाणमा आयात गर्नुपर्ने अवस्था कायमै रहेको छ । विशेषगरी मधेश प्रदेशमा उत्पादकत्व राष्ट्रिय औसतभन्दा कम रहेकाले प्रदेशको आलु आपूर्ति अझै बाह्य बजारमा निर्भर रहेको छ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तर्गत राष्ट्रिय आलु, तरकारी तथा मसलावाली विकास केन्द्रले जनाए अनुसार देशभर वार्षिक ३९ लाख ७० हजार ३६७ मेट्रिक टन आलुको माग रहेको छ । तर आन्तरिक उत्पादन ३६ लाख ८१ हजार ५१७ मेट्रिक टनमा सीमित हुँदा करिब २ लाख ८८ हजार ८५० मेट्रिक टन अभाव हुने गरेको छ। उक्त अभाव भारतलगायतका मुलुकबाट आयात गरी पूर्ति हुँदै आएको छ।

मधेश प्रदेश आलु खेतीका लागि उपयुक्त भूभाग मानिए पनि उत्पादकत्वका हिसाबले देशकै सबैभन्दा कमजोर प्रदेश बनेको छ। केन्द्रको तथ्यांक अनुसार मधेश प्रदेशमा प्रतिहेक्टर उत्पादकत्व केवल १४.३५ मेट्रिक टन रहेको छ । यसरी हेर्दा राष्ट्रिय औसत १६.६९ मेट्रिक टनभन्दा निकै कम हो। तुलना गर्दा बागमती प्रदेशमा प्रतिहेक्टर १८.७३ मेट्रिक टन उत्पादन हुने गरेको छ।

विशेषज्ञहरूको भनाइ अनुसार मधेश प्रदेशमा गुणस्तरीय बीउको अभाव, सिँचाइ व्यवस्थापनको कमजोरी, आधुनिक खेती प्रविधिको न्यून प्रयोग तथा रोग-कीराको प्रभावका कारण उत्पादकत्व कमजोर रहेको हो। प्रदेशमा आलुको खपत उच्च भए पनि स्थानीय उत्पादनले माग पूरा गर्न नसक्दा भारतीय आलुमा निर्भरता कायम छ।

अर्कोतर्फ देशभर उत्पादन भएको आलुमध्ये करिब २५ प्रतिशत अर्थात् ८ लाख ८२ हजार मेट्रिक टन आलु भण्डारण तथा ढुवानीका क्रममा नष्ट हुने गरेको छ । यसले बजारमा आपूर्ति घटाउनुका साथै आयातको आवश्यकता थप बढाएको छ। नार्कका अनुसार नेपालको आलु



आत्मनिर्भरता हासिल गर्न उत्पादकत्वलाई हालको १६.६९ मेट्रिक टनबाट कम्तीमा १७.९९ मेट्रिक टन प्रतिहेक्टर पुर्‍याउनुपर्ने अथवा थप १७ हजार २९० हेक्टर क्षेत्रफलमा खेती विस्तार गर्नुपर्ने देखिन्छ । मधेश प्रदेशमा मात्रै राष्ट्रिय औसत बराबर उत्पादकत्व हासिल गर्न सकिए ठूलो परिमाणमा आयात प्रतिस्थापन गर्न सकिने कृषि विज्ञहरूको भनाइ छ।

केन्द्रका प्रमुख पदम्प्रसाद अधिकारीका अनुसार गुणस्तरीय बीउ उत्पादन र वितरण, बीउ प्रतिस्थापन कार्यक्रम, शीतभण्डार विस्तार तथा आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकता दिए उत्पादन उल्लेख्य रूपमा बढाउन सकिन्छ।

नेपालको उच्च पहाडमा १८ प्रतिशत, मध्य पहाडमा ४२ प्रतिशत र तराईमा ४० प्रतिशत क्षेत्रफलमा आलु खेती गरिन्छ। विगत १३ वर्षको औसत वृद्धिदर हेर्दा नेपालमा आलुको क्षेत्रफल वार्षिक ०.९१ प्रतिशतले मात्र बढेको छ भने उत्पादनमा २.५३ प्रतिशत र उत्पादकत्वमा १.६२ प्रतिशतको क्रमिक सुधार देखिएको छ।

भौगोलिक अवस्थितिका आधारमा कोशी प्रदेश आलु उत्पादनमा सबैभन्दा अगाडि छ। तथ्यांकअनुसार कोशी प्रदेशले १० लाख २२ हजार ९५२ मेट्रिक टन उत्पादन गर्दा कर्णाली प्रदेशमा भने उत्पादन सबैभन्दा न्यून (२ लाख १७ हजार ६४५ मेट्रिक टन) छ।

उत्पादकत्वका हिसाबले बागमती प्रदेश १८.७३ मेट्रिक टन प्रतिहेक्टरका साथ उत्कृष्ट स्थानमा छ भने मधेस प्रदेशको उत्पादकत्व १४.३५ मा खुम्चिएको छ।


हाल नेपालमा वार्षिक २ लाख ५५ हजारदेखि ३ लाख ५० हजार मेट्रिक टनसम्म आलु तथा आलुको बीउ आयात हुँदै आएको छ। चालु आर्थिक वर्षको ११ महिनामै ३ लाख २४ हजार २ सय ९८ मेट्रिक टन आलु तथा बीउ आलु आयात हुँदा ७ अर्ब ८६ करोड ९६ लाख रुपैयाँ बाहिरिएको भन्सार विभागको तथ्यांक छ।

जलवायु परिवर्तनका कारण आलु खेतीमा देखिएका नयाँ रोग र कीराहरूको व्यवस्थापनका लागि एकीकृत रोग व्यवस्थापन (आईडीएम) कार्यक्रमलाई आर्थिक वर्ष २०५६/०५७ देखि नै शुरु गरिए पनि यसलाई अझै प्रभावकारी बनाउन सकिएको छैन।

यस्तै सबै प्रदेश सरकारले बीउ आलुको चक्र पालना गराउन किसान स्तरमा प्रसार कार्यक्रम, प्रयोगशालाहरूको सुदृढीकरण र शीतभण्डार निर्माणमा सहयोग गर्नुपर्ने र स्थानीय सरकारले समूह वा सहकारीमा आधारित बीज वृद्धि कार्यक्रम, प्राविधिक सेवा र उन्नत बीउमा अनुदान उपलब्ध गराउने काममा सक्रिय हुनुपर्ने सुझाव दिइएको छ।

मधेश प्रदेशमा उत्पादकत्व सुधार, गुणस्तरीय बीउको पहुँच विस्तार र भण्डारण पूर्वाधार निर्माण हुन नसक्दा आलु उत्पादनमा आत्मनिर्भर हुन सकेको छैन।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# बैंकमा धन असुरक्षित

निजी तथा सरकारी स्वामित्वको बैंकहरुमा राखिएको धन असुरक्षित भएको छ। बैंकमा राखिएको नगद तथा जिन्सी सुरक्षित नरहेको कयौं घटना सार्वजनिक भएको छ। गत वर्ष जेन- जी आन्दोलनको क्रममा काठमाण्डुको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा रहेको राष्ट्रिय वाणिज्य बैंकबाट लुटिएको सुन बैंकका ग्राहकलाई नदिने भएको छ। त्यसैगरि केही बैंकमा ग्राहकले जम्मा गरेको निक्षेप समेत हराउन थालेको छ। बैंकका कर्मचारीहरुले नै सर्वसधारणको निक्षेप गोलमाल गरेको कयौं प्रमाण फेला परेको छ। बैंकका केही कर्मचारीहरु पक्राउ पनि परेका छन्। सुन बैंकको लकरमा राख्दा सक्कली र झिक्ने बखत नक्कली सुन हुने घटना पनि पर्याप्त हुने गरेको छ। बैंकमा राखिएको नगद समेत गायब हुने गरेको छ। घर असुरक्षित हुन थालेपछि पूर्ण सुरक्षाका लागि मानिस बैंकमा नगद राख्ने गरेका छन्। धितोमा राखिएको सुनमा पनि गडबडी देखिन थालिएको छ। बैंकको लकर पनि सुरक्षित रहेको छैन। तर यसका अतिरिक्त बैंकका कर्मचारीहरुले किर्ते कागजातहरु बनाएर बैंकबाट लाखौं ऋण समेत प्रवाह गर्न थालेका छन्। महोत्तरी जिल्लाको जलेश्वरमा अवस्थित राष्ट्रिय बाणिज्य बैंकमा कर्मचारीहरु मिलेमतोमा ६० लाख ऋण रुपैयाँ प्रवाह गरेका छन्। बैंकले प्रवाह गरेको ऋणको सम्पूर्ण कागजात नक्कली रहेको पाइएको छ। जग्गा रोक्का, मूल्यांकन लगायतका कागजातहरु किर्ते गरिएको छ। सम्पूर्ण कागजातहरु किर्तेको भरमा बैंकले गरेको साठी लाख रुपैयाँ असुली गर्न सहज भने छैन। राष्ट्रिय वाणिज्य बैंकको प्रधान कार्यालयले घटनाको गुपचुप रुपमा छानबिन गरिरहेको भए पनि दोषीहरुलाई कारबाहीको भन्दा मिलाउने प्रयासमा रहेको देखिन्छ। किर्ते जालसाजीमा संलग्न रहेका बैंकका प्रबन्धक लगायतका कर्मचारी, ऋणी, मूल्यांकन गर्ने प्राविधिक, भूमि प्रशासन कार्यालयका कर्मचारीहरु उपर छानबिन गर्न प्रहरीलाई जिम्मेवारी दिनु पर्ने हो। तर आन्तरिक छानबिन गरी दोषी कर्मचारीहरुलाई जोगाउने कार्य भइरहेको छ। बैंकको ६० लाख रुपैयाँ डुब्ने उच्च जोखिम छ। बैंकमा राखिएको नगद र जिन्सीको सम्पूर्ण रुपमा सुरक्षा हुनुपर्छ। कुनै बैंकको कसैको खाताबाट रकम अपचलन गर्न हुँदैन। बैंकको कारोबारलाई अत्यन्त सुरक्षित बनाइएको छ। तर त्यहाँ कार्यरत्त कर्मचारीहरुको संलग्नतामा ठूला अपराधिक घटनाहरु भएको सार्वजनिक हुन थालेको छ। बैंकबाट हुने कुनै पनि गडबडीको जिम्मेवार बैंक नै हुनुपर्ने स्वभाविक हो। बैंकका ग्राहकलाई कुनै किन्तु परन्तुको नाममा अल्झाउन पाइदैन। बैंकमा राखिएको नगद, जिन्सी लगायत बैंकले प्रवाह गर्ने सेवाहरु पनि विश्वसनीय हुनुपर्छ। बैंकले गर्ने लगानी पनि न्यायोचित ढंगले हुनुपर्छ। किर्ते कागजात तयार गरी बैंकबाट ऋण प्रवाह गर्ने छुट पनि कर्मचारीले पाउन हुँदैन। घटनामा संलग्नहरुलाई तत्काल कारबाही गर्नुपर्छ। घटनालाई ढाकछोप भन्दा सार्वजनिक गरिनुपर्छ।

# मेरिटोक्रेसी कि सबैका लागि रोजगारी ? नेपालको बहस



दिपेश कुमार कर्ण

सन् १९६५ मा सिंगापुरले स्वतन्त्रता प्राप्त गरेपछि सबभन्दा बढी जोड दिएको विषय मेरिटोक्रेसी नै थियो ।राष्ट्रको मानव संसाधन व्यवस्थापनमा मेरिटोक्रेसीलाई समावेश नगरी नहुने रहेछ। कर्मचारीहरुको तन्त्र ब्युरोक्रेसी भनिए झैं व्यक्तिको योग्यताको आधारमा काम वा रोजगारी सुम्पिनुलाई सामान्य तवरले मेरिटोक्रेसी भनिन्छ। नेपालमा शिक्षा र श्रम मन्त्रालय छुट्टा छुट्टै भएपनि शिक्षा मन्त्रालय अन्तर्गत नै मानव संसाधन व्यवस्थापन पनि राखिएको अभ्यास अन्य राष्ट्रमा भेटिन्छ।

| सूचक | हालको अवस्था | एकाइ |
|---|---|---|
| वार्षिक मुद्रास्फीती दर | ५.०४% | प्रतिशत |
| न्यूनतम मासिक पारिश्रमिक | रु.१९,५५० | प्रति महिना |
| न्यूनतम दैनिक ज्याला | रु. ७५४ | प्रति दिन |
| न्यूनतम प्रतिघण्टा ज्याला | रु. १०१ | प्रति घण्टा |
| हालको पेट्रोल मूल्य | रु. २१७ | प्रति लिटर |
| एक वर्षअघिको पेट्रोल मूल्य | रु. १६५ | प्रति लिटर |
| एक वर्षमा पेट्रोल मूल्य वृद्धि | ३१.५% | प्रतिशत |

एकपटक यो तथ्यांक नियालौं हामि : देशमा घोषित मुद्रास्फिति दर ५.०४% तर बजार भावलाई नियाल्ने हो भने वास्तविक डाटा किताब भन्दा बढी भेटिन्छ। पछिल्लो एक वर्षमा पेट्रोलियम को मूल्यले लगभग ३१ प्रतिशत आकाश छोएको छ तर व्याप्त मुद्रास्फितिमा २१ औं शताब्दीमा न्यूनतम मासिक पारिश्रमिक रु.१९५५० र न्यूनतम प्रतिघण्टा ज्याला रु.१०१ देख्दा युवा किन बिदेशिएका हुन् भनि सोध्ने ठाउँ नै रहदैन। आंशिक अध्यापन गर्ने कक्षा ११-१२ वा उच्च शिक्षा तर्फ शिक्षक/प्राध्यापकले घन्टी अनुसार दैनिक ज्याला पाप्त गर्छन। जहाँ प्रति एक घण्टा बराबरको कक्षाको पारिश्रमिक रु.२००-२५० जत्ति पनि भुक्तानी गरिएको अभ्यास यहि नेपालमा भेटिन्छ। धेरैजसो करपोरेट र उद्योगतिर त वार्षिक बोनस तथा अन्य सुविधा यहि न्यूनतम मासिक पारिश्रमिक रु.१९५५० लाई आधारभूत दर टेकी दिईन्छ। पूर्व प्राथमिक विद्यालयहरुको औचित्य के हुनु पर्नेमा नेपालमा के रहेको देख्दा दुख लाग्छ। बच्चा पी.जि. बाट कक्षा १ सम्म पुग्दा झन्डै दुइ लाख खर्ची सकेको हुन्छ जबकी मलाई स्मरण छ त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसबाट मैले लगभग रु.२०००० मात्रमा व्यवस्थापनमा आइ.कम उतिर्ण गरिसकेको थिए। भाडा बस्ने मध्यम वर्गीय परिवारले घरधनिलाई के करले हो प्रति युनिट रु.१५का दरले बिजुलीको भुक्तानी गर्नुपर्छ।महगीको यो स्तर र देशमा आयको यो श्रेणी के राज्यको लागि विचारणीय कुरा होइन ?

सन् २०१६ देखि २०२५ सम्मको १० वर्षको अन्तरालमा नेपालमा प्रत्येक वर्ष करिब २ लाख युवा-युवती एस.इ.इ., करिब १ लाख युवा-युवती कक्षा बारह र करिब ८० हजार युवा-युवती उच्च शिक्षा उतिर्ण गरेको भेटिन्छ। तर प्रश्न उठ्छ के सबैले यहि अनुपातमा रोजगारी वा स्वरोजगार पाएका हुन् त? मेरिटोक्रेसीको आधारमा निजि वा सार्वजनिक संस्थामा जागिर दिईनु नै व्यवहारिक वैज्ञानिक अभ्यास हो तर नैतिकताको पाठ्यक्रम, अध्यापन, शैक्षिक संस्कार र अर्थमन्त्रालय माथि हो। एक जना व्यक्तिले स्नातक गरि सेवा आयोग दिएर नायब सुब्बा जागिर खान्छन र समाजले उसलाई प्रतिष्ठाले देख्छ र अर्को एकजनाले स्नातक गर्छ ५ वर्ष निजिमा प्रशासनिक जागिर गर्छ अनि सेवा आयोगको नायब सुब्बा उतिर्ण गर्न सक्दैन र समाजले उसलाई मिहिनेत न गर्न चाहेको वा अयोग्य बुझी मध्यम प्रतिष्ठाले देख्छ ।तर यत्ति भन्दैमा कुनै पनि अयोग्य शिक्षित व्यक्तिले कुनै पनि अनैतिक अभ्यासले रोजगार पाउनै पर्ने कुराको समर्थन मैले पक्का पनि गरेको होइन। हाम्रो नेपालमा बेरोजगारीको बिडम्बना कुनै एक चरले मात्र सृजना भइरहेको होइन यो एउटा अंग्रेजीमा “लूप” भने झैं अनुसन्धानमा भनिने अलग अलग चरहरुको निरन्तर उपज मात्र हो। अब हेर्नुस देशमा करिब ३ देखि ५ वटा मात्र बहुराष्ट्रिय कम्पनी छन् जबकी संयुक्त राज्य अमेरिकामा यो संख्या ३५० भन्दा बढी छ। राज्यको कुल ग्राहस्थ उत्पादनको लगभग २४ प्रतिशत योगदान कृषिको छ तर देशमा व्यावसायिक कृषिको व्यवस्थापन छैन। झन्डै निजि जागिरबाट उद्यमशीलतातर्फ जानु पर्छ भनेर मेरा केहि चिनेकाहरुले लगानी गरेर व्यावसायिक कृषि तर्फ

> **मेरिटोक्रेसी संस्थाको माग हो भने मेरिटोक्रेसी निर्माण राज्य र शैक्षिक संस्थाको उत्तरदायित्व।तर यसकै आडमा बेरोजगारीको दुस्परिणामबाट राज्यलाई जोगाउन सकिदैन। व्यक्तिलाई उसकै योग्यता र सिपको आधारमा राम्रो आयको सृजना गर्न सक्ने वातावरण बनाएर दिने राज्यको नितान्त आधारभूत कर्तव्य पनि हो र यसले दृश्य रुपमा नेपालको अर्थतन्त्रलाई बलियो नै बनाउन छ ।**

दृष्टिकोण खै त? सार्वजनिक संस्था वा निकायमा जागिरको लागि सेवा आयोगको दुइटा किताबले योग्यता निर्धारण गर्ने भए विश्वविद्यालयहरुले आफ्नो पाठ्यक्रम र अध्यापनमा गहन सुधार र परिमार्जनको आवश्यक देखिन्छ। मेरिटोक्रेसीले उठाउने अर्को प्रश्न नातावाद-कृपावाद, राजनैतिक हस्तक्षेप उन्मुलन पनि हो जुनकी पुर्नरुपेण उचित धारणा हो।


यहाँ मैले बहस गर्न खोजेको मुख्य दुईवटा कुरा छन् : १. नेपालको सन्दर्भमा मेरिटोक्रेसीले रोजगारी वा २. सबैलाई रोजगारी। देशको समग्र उत्थानको लागि मेरिटोक्रेसीको आधारमा योग्य व्यक्तिलाई उचित स्थानसहितको रोजगारी पाउनु पर्छ। तर नेपालमा अहिलेको माग सबैलाई रोजगारी पाउनु हो। यहि नभएकोले त राज्यले भदौ २२ र २३ को कहाली लाग्दो जेन-जि आन्दोलन खेप्नु पर्यो। यदि शिक्षित र उच्च शिक्षित जनशक्ति कुनै पद वा संस्थाको योग्यता माणकमा उभिन नसके यो ठाडो प्रश्न उक्त व्यक्तिको शैक्षिक योग्यता र उक्त बोर्ड वा विश्वविद्यालयको लम्कियो राज्यबाट समर्थन, व्यवस्थापन, कमजोर नियन्त्रित व्यावसायिक खुला सिमाना र फितलो बजार व्यवस्थापनले भएको पूंजी पनि डुबेर फेरी बाध्यताले परिवार पालन र व्यवसायको ऋण चुकाउन जागिरमा जानु पर्यो। यसतोमा व्यापारको एउटा मात्र प्रकार आयात-निर्यात नै सुरक्षित देखिन्छ त्यहि बुझेर नेपाल श्री ५ देखि संघिय लोकतान्त्रिक गणतन्त्र आइपुग्दा पनि उद्योग भन्दा व्यापारमा बढी आकर्षित देखिन्छ।

विदेश वाट आयात गरेको वस्तु नेपाल भित्र्याएर बेच्ने त हो सरल छ। राज्यले कर, भन्सार महसूल, भ्याट, अन्तःशुल्क, लाभांश कर, आयकर , पारिश्रमिकमा कर, स्रोतमा कर आदि आनन्दले बिना उद्योग र निर्यात बढाए नी पाउने भयो। आयात गर्न चाहिने बैदेशिक मुद्राको संकलनको उपयुक्त बाटो उद्योग र निर्यात नै हो तर यसैको कमि भएकोले होला युवा बिदेशिन बाध्य भएपनि सायद राज्यको यसमा लाभ नै देखिन्छ किनकि त्यस्ता युवाले पठाएका विप्रेषणका पैसाबाट राज्यले राष्ट्र बैंक मार्फत व्यापारीलाई वैदेशिक मुद्रा उपलब्ध गराउन सहज हुने भयो। मधेश पहाडका गाउँका गाउँ खाली भैसक्यो युवाहरु वैदेशिक जागिरमा गएकोले तर पूंजीपतिका सन्तानले देशमै बसी त्यहि युवाले पठाएको विप्रेषणले मुनाफा खाइ व्यापार गर्न मिल्ने अव्यावहारिक आर्थिक अभ्यासलाई राज्यले कहिले व्यवस्थित गर्ने ? यसरि सबै काम गर्न सक्ने उमेर समूहका व्यक्तिले स्वरोजगार गर्ने , निजि वा सरकारी जागिर पाउने तिनको संवैधानिक अधिकार हो तर त्यसको निवारणको लागि राज्यको समस्त प्रभावकारी चरहरुको नियमन, नियन्त्रण र व्यवस्थापन आवश्यक छ।

१. किताबी मात्र नभइ व्यावहारिक ज्ञान सहितको माध्यमिक तथा उच्च शिक्षा हुनु पर्यो,
२. शैक्षिक र सामाजिक तवरले उच्च चरित्रवान जनशक्ति तयार पार्ने संरचनाको अनुसन्धान र बिकास हुनु पर्यो,
३. उद्यमशीलता प्रवर्धनको लागि उद्योग-व्यापार गर्न चाहने जनशक्तिलाई सहज कोष र विज्ञको मार्गदर्शनको व्यवस्थापन राज्यको पूर्ण नियमन गर्न सक्ने निकायको प्रत्यक्ष निगरानीमा हुने व्यवस्था गरिनु पर्यो,
४. भएका व्यापारलाई प्रवर्धन गर्ने र जोगाउने नियतले अनियमित खुला सिमाना वाणिज्यलाई नियन्त्रण गरि करका दर र कच्चा पदार्थको उपलब्धतामा राज्यले विद्युतीय स्तरमा कार्यगर्नु पर्यो,
५. सार्वजनिक संस्था वा सरकारी कामकाजलाई अझ पारदर्शी तथा द्रुत बनाउन कृतिम बुद्धिमताको प्रयोग संगैको लगभग पूर्ण प्रबिधि मैत्री बनाउनु पर्यो,
६. सम्पूर्ण प्रकारको लेनदेन नगदको सट्टा विद्युतीय मार्फतले गरिने व्यवस्था गरिनु पर्यो,
७. स्थानीय स्तर देखि नै हरेक क्षेत्रमा रहेको सिपालु र शिक्षित जनशक्तिलाई जागिरको आकर्षण भन्दापनि उच्च आय र गुणस्तरीय जीवनको लागि व्यवसाय र उद्यमशीलतातर्फ उत्प्रेरित गर्ने सार्वजनिक नीति र कार्यन्वयन तथा नियन्त्रणको व्यवस्थापन हुनु पर्यो,
८. शिक्षण पेशालाई अझ गरिमामय वातावरण प्रदान गर्न सक्ने नीति, नियम, कार्यान्वयन र नियन्त्रण गर्न सक्नु पर्यो,
९. आउने समय कृषि क्रान्तिकोहुने देखिएकोले व्यावसायिक कृषिको लागि उच्च स्तरीय नीति, बजेट, लगानी, प्रोत्साहन र उत्प्रेरणाको राज्य स्तरीय कार्य हुनु पर्यो।

मेरिटोक्रेसी संस्थाको माग हो भने मेरिटोक्रेसी निर्माण राज्य र शैक्षिक संस्थाको उत्तरदायित्व।तर यसकै आडमा बेरोजगारीको दुस्परिणामबाट राज्यलाई जोगाउन सकिदैन। व्यक्तिलाई उसकै योग्यता र सिपको आधारमा राम्रो आयको सृजना गर्न सक्ने वातावरण बनाएर दिने राज्यको नितान्त आधार भूत कर्तव्य पनि हो र यसले दृश्य रुपमा नेपालको अर्थतन्त्रलाई बलियो नै बनाउन छ।

# जेनजी आन्दोलन- जनअसन्तुष्टिको विस्फोट कि नयाँ राजनीतिक पुनर्संरचना



हरिबोल गजुरेल

जब राष्ट्र र जनताका समस्याहरू चाङका चाङ थुप्रिन्छन् र तिनको समाधानका लागि जिम्मेवार राजनीतिक शक्तिहरू प्रभावकारी रूपमा अगाडि आउन सक्दैनन्, तब राजनीतिक रिक्तता पैदा हुन्छ।

जनतामा परिवर्तनको आवश्यकता तीव्र हुँदा अग्रगामी शक्ति कमजोर भएमा त्यो रिक्त स्थान कुनै न कुनै वैकल्पिक शक्तिले पूरा गरिदिन्छ। परिवर्तनको आवश्यकता इतिहासको वस्तुगत नियम हो; तर त्यो परिवर्तन कुन दिशामा अघि बढ्छ भन्ने कुरा नेतृत्व, विचार र संगठनको क्षमताले निर्धारण गर्छ।

इतिहासले देखाएको छ– जब दार्शनिक र सैद्धान्तिक मान्यताका आधारमा स्थापित राजनीतिक शक्तिहरू वैचारिक र व्यवहारिक विचलनको चपेटमा परेर जनअपेक्षा पूरा गर्न असफल हुन्छन्, तब नयाँ सामाजिक-राजनीतिक प्रवृत्तिहरू जन्मिन्छन्। तिनले विभिन्न एजेन्डा अगाडि सार्छन्। एजेन्डाहरू कहिले प्रगतिशील हुन्छन्, कहिले सुधारवादी, र कहिलेकाहीँ पश्चगामी पनि।

आज नेपालमा मात्र होइन विश्वमै चर्चित जेन-जी आन्दोलनलाई यही ऐतिहासिक तथा राजनीतिक पृष्ठभूमिमा बुझ्न आवश्यक छ।

२०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्था अन्त्य गरी संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था स्थापना गऱ्यो।

२०४८ सालको निर्वाचनमा नेपाली कांग्रेसले स्पष्ट बहुमत प्राप्त गरे पनि आन्तरिक विवादका कारण सरकार टिक्न सकेन र २०५१ मा संसद विघटनसँगै देश मध्यावधि निर्वाचनतर्फ धकेलियो। परिवर्तनको नेतृत्व गरेका प्रमुख दल र तिनका नेताहरूबाट जनजीवनमा सुधार आउने अपेक्षासहित आशावादी बनेका जनता क्रमशः निराश हुन पुगे।

यही पृष्ठभूमिमा नेकपा (माओवादी) ले २०५२ सालमा नयाँ जनवादी व्यवस्थामार्फत गाँस, बास र कपासको सुनिश्चितता गर्दै जनजीवनमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्यसहित जनयुद्धको आह्वान गऱ्यो। यसलाई सकारात्मक विकल्पको रूपमा जनताले लिए। बहुदलीय व्यवस्थाप्रति बढ्दो निराशाबीच शोषित-पीडित जनताले नयाँ आशाका साथ जनयुद्धलाई विभिन्न रूपले समर्थन गरे।

त्यस बेला जनतासामु वैकल्पिक राजनीतिक शक्ति नउभिएको भए निरंकुश राजतन्त्र नयाँ स्वरूपमा पुनः बलियो हुने सम्भावना पनि थियो। अन्ततः जनयुद्ध र १९ दिने जनआन्दोलनको संयोजनले नेपाललाई गणतन्त्रको युगमा प्रवेश गरायो।

२०७४ सालको संघीय तथा प्रादेशिक निर्वाचनमा एमाले र माओवादी गठबन्धनले संसदमा करिब दुई तिहाइ जनमत प्राप्त गऱ्यो। यो केवल वामपन्थी मतदाताको समर्थन मात्र थिएन; विकास, स्थायित्व र समृद्धिको अपेक्षा राख्ने गैरवामपन्थी लोकतान्त्रिक जनमत पनि त्यसतर्फ आकर्षित भएको थियो।

निर्वाचनपछि वाम गठबन्धन पार्टी एकतामा रूपान्तरित भयो। केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' रहने गरी दुई अध्यक्षको व्यवस्था गरियो र दुवैले 'दुई पाइलटका कारण जहाज दुर्घटना हुन दिँदैनौं' भन्ने प्रतिबद्धता व्यक्त गरे।

तर एकअर्कासँग सहकार्य गरेर जहाज उडाउनुपर्ने दुई पाइलट जहाजभित्रै शक्ति-संघर्षमा उत्रिए। परिणामतः जहाज गन्तव्यमा पुग्नुको सट्टा दुर्घटनाग्रस्त भयो।

यस घटनाले जनतामा गहिरो निराशा पैदा गऱ्यो। परिवर्तनकारी राजनीतिक दल र नेतृत्वप्रति विश्वास कमजोर बन्न थाल्यो। त्यसको अभिव्यक्ति २०७९ सालको स्थानीय निर्वाचनमा देखियो। काठमाण्डुंमा बालेन साह, धरानमा हर्क साम्पाङ र नेपालगञ्जमा गोपाल हमालजस्ता स्वतन्त्र उम्मेदवारहरू अत्यधिक मतका साथ विजयी भए।

यो केवल व्यक्तिको विजय थिएन, स्थापित राजनीतिक शक्तिप्रति जनतामा व्याप्त बढ्दो असन्तुष्टिको संकेत थियो।

यसै प्रवृत्तितर्फ संकेत गर्दै मैले २०७९ जेठ ४ गते प्रतिनिधिसभामा सम्बोधन गर्दा काठमाडौंको मददाताको ट्रेन्डतर्फ इंगित गरेको थिएँ। स्थापित राजनीतिक शक्तिहरूले जनविश्वास गुमाउँदै गएको परिप्रेक्ष्यमा त्यो असन्तुष्टिबाट लाभ उठाउँदै नयाँ राजनीतिक शक्तिहरू उदाउन सक्ने चेतावनी दिएको थिएँ।

त्यस बेला राजनीतिक दलका मुख्य नेताहरूले उक्त चेतावनीलाई गम्भीरतापूर्वक लिन चाहेनन्। उनीहरूमा आत्मसमीक्षाभन्दा आत्मसन्तुष्टिको प्रवृत्ति हावी देखिन्थ्यो।

२०७९ सालको संघीय र प्रादेशिक निर्वाचनको पूर्वसन्ध्यामा नारायण ठूलोदाइसँग यस विषयमा रोचक छलफल भएको थियो।

रवि लामिछानेको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदायो र घन्टी चुनाव चिह्नमार्फत असन्तुष्ट जनमतलाई आफ्नो पक्षमा आकर्षित गऱ्यो। यसले तत्कालीन अवस्थामा जनअसन्तुष्टिलाई वैकल्पिक राजनीतिक अभिव्यक्तिको दिशा दियो। यद्यपि त्यसको दीर्घकालीन राजनीतिक परिणाम भने अझै परीक्षणकै क्रममा छ।

आज रास्वपा, बालेन साह, हर्क साम्पाङ र महावीर पुनबारे व्यापक रूपमा चर्चा भइरहेको सन्दर्भसँग जोडेर जेनजी आन्दोलनको चरित्रबारे गम्भीर बहस चलिरहेको छ– यी शक्ति अग्रगामी हुन् कि पश्चगामी? सुधारवादी हुन् कि परिवर्तनका नयाँ वाहक ?

कम्युनिस्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलन दुवैले संविधान निर्माणपछि जनताको जीवनमा उर्जा र परिवर्तन ल्याउन सकेनन्। मुख्य नेताहरूले समाजवाद उन्मुख गणतान्त्रिक संविधान अनुसार आचरण गरेनन्। उनीहरू पार्टीको मूल आदर्श र मान्यताबाट पनि क्रमशः विचलित हुँदै गएका कारण यस्तो अवस्था सिर्जना भएको हो।

जब परिवर्तनका वाहक शक्तिहरू नै विचार र आदर्शलाई तिलाञ्जली दिएर यथास्थितिवाद, अवसरवाद, भ्रष्टाचार, कुशासन, परिवारवाद र सत्ताको कुर्सी अदलबदल केन्द्रित राजनीतितर्फ उन्मुख हुन्छन्, तब जनता विकल्पको खोजीमा भौंतारिनु स्वाभाविक हुन जान्छ।

यो असन्तुष्टि केवल मुख्य नेताहरूप्रतिको मात्र होइन, राजनीतिक कार्यशैली, नेतृत्व संस्कार र राज्य सञ्चालनको विद्यमान ढाँचाप्रतिको पनि हो।

यस प्रकारको परिवेशमा जेन- जी आन्दोलन अपरिहार्य हुन पुग्यो। यो आन्दोलन कुनै एक नेता, दल वा संगठन विरूद्ध सीमित छैन, बरू विकृत राजनीतिक संस्कृतिप्रतिको असन्तुष्टि र नयाँ राजनीतिक अभ्यासको खोजीको व्यापक सामाजिक प्रवृत्ति हो।

यस अर्थमा जेन- जी आन्दोलनलाई तत्काल पश्चगामी आन्दोलन भन्न मिल्दैन। यो मूलतः प्रगतिशील सुधारको आन्दोलन हो, क्रान्तिकारी आन्दोलन भने होइन। यसको मुख्य जोड सुशासन, पारदर्शिता, भ्रष्टाचारविरोध, बेथिति अन्त्य, परिवारवादको विरोध र जबाफदेही शासन व्यवस्था स्थापनामा केन्द्रित छ।

जेन- जी आन्दोलनको सीमा यसको वैचारिक अस्पष्टता हो। सुशासन, पारदर्शीता र भ्रष्टाचारविरोधी नारालाई व्यापक समर्थन प्राप्त भए पनि आर्थिक संरचना, उत्पादन सम्बन्ध, सामाजिक न्याय र राष्ट्रिय विकासको दीर्घकालीन दृष्टिकोणबारे यसभित्र अझै स्पष्टता देखिँदैन। यही कारण यो आन्दोलनभित्र प्रगतिशील, यथास्थितिवादी र पश्चगामी तीनवटै प्रवृत्ति प्रतिस्पर्धामा रहन सक्छन्।

त्यसैले आजको चुनौती जेन- जी आन्दोलनलाई केवल समर्थन वा विरोध गर्ने होइन, बरू यसले अभिव्यक्त गरेका जनअसन्तोष, सुशासनको माग र राजनीतिक नवीकरणको आकांक्षालाई वैज्ञानिक ढंगले बुझ्नु हो। यदि वामपन्थी तथा परिवर्तनकारी शक्तिहरूले जनताका आवश्यकता र असन्तुष्टिलाई क्रान्तिकारी रूपान्तरणको दिशामा संगठित गर्न सकेनन् भने यही असन्तुष्टिमा टेकेर भविष्यमा विभिन्न स्वरूपका पश्चगामी प्रवृत्तिहरू बलियो बन्न सक्छन्।

क्रान्तिकारी ध्रुवीकरण मार्फत हुने रूपान्तरण रातरात सम्भव हुन्न, यसका लागि केही समय लिनैपर्ने हुन्छ। यो प्रक्रिया पूरा नहुँदै पुराना दलका प्रमुख नेताहरूले निर्वाचनमार्फत अनुमोदित नयाँ राजनीतिक पार्टी र त्यसको नेतृत्वलाई हतारमा नकारात्मक विम्बका रूपमा चित्रित गर्दै यसको बहानामा आफ्ना कमजोरी ढाकछोप गर्ने प्रवृत्ति अन्ततः घातक सिद्ध हुन सक्छ।

२०८२ भदौ २३-२४ पछि वामपन्थी पार्टीका मुख्य नेताहरूले जेन- जी आन्दोलनले अभिव्यक्त गरेको जनभावना, परिवर्तनको आकांक्षा र नयाँ राजनीतिक संस्कृतिको मागलाई गम्भीरतापूर्वक सम्बोधन गर्ने तत्परता देखाएका भए आज उनीहरू यति धेरै तिरस्कृत हुनुपर्ने अवस्था आउने थिएन।

परिणाम स्वरूप, परिस्थिति बदलिँदा आफू र पार्टीलाई रूपान्तरण गरेर गतिशील नेतृत्वका रूपमा स्थापित हुने अवसर मात्र गुमेन, बचेखुचेको गतिशील नेतृत्वको पहिचानसमेत समाप्त भयो।

केपी शर्मा ओली, पुष्पकमल दाहाल 'प्रचण्ड' र माधवकुमार नेपालजस्ता शीर्ष नेताहरूले स्वेच्छाले संसदीय मोर्चाको नेतृत्व नयाँ पुस्तालाई हस्तान्तरण गर्ने साहस देखाएका भए देशभर वैकल्पिक नेतृत्वको लहर यति तीव्र रूपमा फैलिने थिएन।

बालेन साह र हर्क साम्पाङहरूको उदय केवल व्यक्तिको लोकप्रियताको परिणाम होइन; त्यो पुराना पार्टीका मुख्य नेताहरूप्रतिको व्यापक जनअसन्तुष्टि र उनीहरूप्रतिको बदलाभावको अभिव्यक्ति पनि हो।

नेतृत्वले आफ्नै पार्टीका नेता-कार्यकर्ता र जनताको आवाज समयमै सुन्न नसक्दा आज वामपन्थी आन्दोलनले गम्भीर संकट र जनमतको तीव्र क्षय बेहोर्नुपरेको छ। वाम आन्दोलनले नै ठूलै मूल्य चुकाउन परिरहेको छ।

कुनै पनि राष्ट्रिय आन्दोलन रूपले 'राष्ट्रिय' भए पनि त्यसको अन्तरवस्तु राष्ट्रिय सीमाभित्र सीमित हुँदैन। आजको विश्व परस्पर निर्भरता, भू-राजनीतिक प्रतिस्पर्धा र अन्तर्राष्ट्रिय शक्ति-सन्तुलनले प्रभावित छ। त्यसैले राजनीतिक परिवर्तन वा सामाजिक आन्दोलनले केवल आन्तरिक राजनीति मात्र होइन, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शक्तिहरूका हितलाई समेत प्रभावित गर्छ।

डिजिटल युगमा सामाजिक सञ्जाल, विश्वव्यापी सञ्चार र अन्तर्राष्ट्रिय राजनीतिक प्रवृत्तिहरूले जेनजी आन्दोलनलाई पनि प्रभावित गरेका छन्। तर बाह्य प्रभावको उपस्थिति र आन्दोलनको मूल चरित्र नै बाह्य शक्तिद्वारा निर्देशित हुनु एउटै कुरा होइन। निर्णायक पक्ष त्यसको सामाजिक आधार, नेतृत्व र जनसहभागिता हो।

नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील देशमा विभिन्न अन्तर्राष्ट्रिय शक्तिहरूले आफ्ना हितअनुसार राजनीतिक घटनाक्रमलाई प्रभाव पार्ने प्रयास गर्नुलाई पाहाडै खसे जसरी बुझ्नु र आत्तिनुभन्दा सचेत हुनु र चनाखो बनेर खबरदारी गर्नु स्वाभाविक हुन्छ।

नेपालको इतिहासका प्रमुख राजनीतिक आन्दोलनहरूमा पनि बाह्य चासो र प्रभाव देखिएका थिए। तर त्यसले ती आन्दोलनहरूको राष्ट्रिय चरित्र समाप्त गरेको थिएन। बाह्य प्रभाव निर्णायक तब मात्र बन्छ, जब आन्तरिक कमजोरीले त्यसका लागि अनुकूल भूमि तयार पार्छ।

जेन- जी आन्दोलनभित्र पनि केही बाह्य राजनीतिक, सांस्कृतिक वा डिजिटल प्रभाव देखिन सक्छन्। तर त्यसकै आधारमा यसको मूल चरित्रलाई विदेशी शक्तिद्वारा निर्देशित ठहर गर्न मिल्दैन। मार्क्सवादी दृष्टिकोणबाट हेर्दा कुनै पनि राष्ट्रिय आन्दोलनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पक्षबीचको द्वन्द्वात्मक सम्बन्धको समग्रतामा बुझेर मात्र सही मूल्यांकन गर्न सकिन्छ।

जेन- जी आन्दोलनले एउटा महत्वपूर्ण ऐतिहासिक सत्यलाई पुनः उजागर गरेको छ – जब क्रान्तिकारी तथा परिवर्तनकारी शक्तिहरू जनताका आकांक्षा, समस्या र असन्तुष्टि सम्बोधन गर्न असफल हुन्छन्, तब त्यो राजनीतिक रिक्तता सुधारवादी वा विभिन्न रूपरङका 'वैकल्पिक' शक्तिहरूले भरिदिन्छन्।

त्यसैले मूल प्रश्न आन्दोलनलाई विदेशी शक्तिको प्रायोजनको संज्ञा दिएर आफ्नै नेतृत्वको कमजोरी, वैचारिक जडता र कार्यगत असक्षमता लुकाउने होइन र वास्तविक प्रश्न, यस आन्दोलनले अभिव्यक्त गरेको जनअसन्तुष्टि, परिवर्तनको चाहना र नयाँ पुस्ताको चेतनालाई कुन राजनीतिक शक्तिले, कुन वैचारिक दृष्टिकोणका आधारमा, र कस्तो कार्यक्रममार्फत प्रगतिशील दिशामा रूपान्तरण गर्न सक्छ भन्ने हो।

नेपालको राजनीतिक भविष्य अन्ततः यही प्रश्नको उत्तरले निर्धारण गर्नेछ, जुन शक्तिले जनताको बदलिँदो चेतना, आकांक्षा र युगीन आवश्यकतालाई सही ढंगले आत्मसात गर्दै रूपान्तरणको विश्वसनीय मार्ग प्रस्तुत गर्न सक्षम हुन्छ, आगामी राजनीतिक नेतृत्वको केन्द्र पनि त्यही शक्ति बन्नेछ।

यदि वाम आन्दोलनको गम्भीर आत्मसमीक्षा गर्दै वैचारिक पुनर्निर्माण र इमानदार क्रान्तिकारी शक्तिहरूको नयाँ ध्रुवीकरणमार्फत जनताको बदलिँदो चेतनासँग पुनः सम्बन्ध स्थापित गर्न सक्यो भने नेपालको राजनीतिक भविष्यमा वामपन्थी शक्ति र नेतृत्व मुख्यतः युवा नेतृत्व पुनः स्थापित हुन सक्छ।

नेतृत्व क्षमता व्यवहारतः देखाउन सक्नेलाई 'डिफ्याक्टो' रूपमा पुराना प्रमुख नेताहरूको उपादेयिता सकिएसँगै राजनीतिक मैदान खाली भएको छ। यो अवसरको सदुपयोग गरौं। अन्यथा इतिहासले सिर्जना गरेको रिक्तता विभिन्न रूपरङका सुधारवादी वा पश्चगामी शक्तिहरूले भरिरहनेछन्।

अन्ततः जेन- जी आन्दोलन आफै अन्तिम गन्तव्य होइन, यो वर्तमान राजनीतिक संकटको एउटा लक्षण र नयाँ राजनीतिक पुनर्संरचनाको संकेत हो। राजनीतिमा प्रकृतिले झैं शून्य स्वीकार गर्दैन; एउटा शक्ति कमजोर हुँदा अर्को शक्ति त्यसको स्थान लिन अगाडि आउँछ।

# मधेशमा कृषि आधुनिकीकरणको अभियान

**टुडे समाचारदाता**

वीरगञ्ज । कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादन वृद्धि तथा किसानको आयआर्जन बढाउने उद्देश्यले कृषि अनुसन्धान निर्देशनालय, मधेश प्रदेश, परवानीपुरको आयोजनामा वीरगञ्जमा दुईदिने प्रदेशस्तरीय कृषि प्रविधि तथा उन्नत जात सम्बन्धी तालिम सुरु भएको छ।




मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका कृषि प्राविधिक, कृषक, कृषि उद्यमी तथा सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी रहेको तालिमको उद्देश्य कृषि अनुसन्धानबाट विकसित नवीन प्रविधि, उन्नत जात तथा आधुनिक खेती प्रणालीबारे जानकारी कृषकसम्म पुऱ्याउनु रहेको निर्देशनालयले जनाएको छ।

तालिम उद्घाटन गर्दै कृषि अनुसन्धान निर्देशनालयका निर्देशक डा. विश्वेश्वर प्रसाद यादवले अनुसन्धान केन्द्रहरूले विकास गरेका प्रविधि खेतबारीसम्म प्रभावकारी रूपमा पुऱ्याउन यस्ता कार्यक्रम महत्वपूर्ण हुने बताए। जलवायु परिवर्तन, बढ्दो उत्पादन लागत र बजार प्रतिस्पर्धाका चुनौतीबीच आधुनिक प्रविधिको प्रयोग अपरिहार्य बनेको उनको भनाइ थियो।

निर्देशनालयका इन्जिनियर आनन्द मिश्रले कृषि यान्त्रीकरण विस्तार नगरी उत्पादन लागत घटाउन कठिन हुने उल्लेख गर्दै आधुनिक कृषि औजार तथा प्रविधिले उत्पादन वृद्धि गर्नुका साथै श्रम अभावको समस्या समाधान गर्न पनि सहयोग पुग्ने बताए। तालिमको पहिलो दिन कृषि अनुसन्धान निर्देशनालयको कार्यक्षेत्र, अनुसन्धान उपलब्धि तथा आगामी योजनाबारे जानकारी दिइएको थियो। साथै छरुवा धान खेती प्रविधि, माछापालनमा पानीको गुणस्तर व्यवस्थापन, तरकारी तथा फलफूल बालीमा लाग्ने प्रमुख कीरा-रोगको पहिचान र नियन्त्रणका उपायबारे विषयगत प्रस्तुति गरिएको थियो। विशेषज्ञहरूले उन्नत बीउ, सन्तुलित मल प्रयोग तथा वैज्ञानिक व्यवस्थापनमार्फत धान उत्पादन बढाउन सकिने बताएका थिए।

यसअघि मंगलबार सम्पन्न एकदिने कृषि यान्त्रीकरण तथा जलवायु-स्मार्ट कृषि तालिममा पनि किसानलाई आधुनिक प्रविधिसँग जोड्ने प्रयास गरिएको थियो। कार्यक्रममा राष्ट्रिय कृषि व्यवस्थापन तथा प्रविधि कार्यक्रमका प्रमुख रामवल्लभ साहसहित विभिन्न अनुसन्धान केन्द्रका वैज्ञानिक तथा विज्ञहरूको सहभागिता रहेको थियो।

तालिममा कृषि यान्त्रीकरण, कृषि ड्रोनको प्रयोग, जलवायु-स्मार्ट कृषि प्रविधि, उन्नत धान खेती, बिउ उत्पादन, पोस्ट हार्भेस्ट व्यवस्थापन तथा उन्नत नर्सरी व्यवस्थापनबारे प्रशिक्षण दिइँदैछ।

दोस्रो दिन चैते धान खेती प्रविधि, खुर्सानीका उन्नत जात तथा उत्पादनपछिको क्षति न्यूनीकरणका उपायबारे विशेष प्रशिक्षण सञ्चालन गरिनेछ।

निर्देशनालयका अनुसार अनुसन्धान केन्द्रहरूले विकास गरेका प्रविधि र उन्नत जातहरू कृषकसम्म प्रभावकारी रूपमा पुऱ्याउन यस्ता तालिमलाई निरन्तरता दिइनेछ। तालिमबाट प्राप्त ज्ञान र सीप स्थानीय तह तथा कृषक समुदायमा विस्तार भई मधेश प्रदेशमा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

# जीतपुरसिमरा उपमहानगरपालिकाको बजेट १ अर्ब ८७ करोड

**टुडे समाचारदाता**

बारा। बारा जिल्लाको जीतपुर सिमरा उपमहानगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि १ अर्ब ८७ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ।




उपप्रमुख भोला प्रसाद अधिकारीले सम्पन्न नगरसभाको १४औँ अधिवेशनको दोस्रो बैठकमा बजेट प्रस्तुत गर्दै दिगो पूर्वाधार विकास, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, कृषि आधुनिकीकरण, रोजगारी प्रवर्द्धन तथा सुशासनलाई प्राथमिकतामा राखिएको जानकारी दिए।

चालु आर्थिक वर्षको तुलनामा आगामी वर्षको बजेट ६.९५ प्रतिशतले घटाइएको छ। आगामी वर्षका लागि वडा तहमा सञ्चालन हुने योजनाका लागि २२ करोड १६ लाख रुपैयाँ विनियोजन गरिएको छ भने संघीय सरकारबाट ७९ करोड ९ लाख र मधेश प्रदेश सरकारबाट ५ करोड ६२ लाख ५० हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ।

आन्तरिक आयबाट २५ करोड ८७ लाख रुपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ। नगरपालिकाले कृषि क्षेत्रलाई आत्मनिर्भर अर्थतन्त्रको आधारका रूपमा अघि बढाउँदै महिला कृषि स्वयंसेविका कार्यक्रमका लागि ३० लाख, ई-एग्रिकल्चर एप सञ्चालनका लागि २० लाख तथा प्रत्येक वडामा मोबाइल भेटेरिनरी सेवा सञ्चालनका लागि २० लाख रुपैयाँ विनियोजन गरेको छ।

अमलेखगञ्जलाई होमस्टेसहितको पर्यटकीय हबका रूपमा विकास गर्ने तथा ऐतिहासिक कर्मकुमारी धाराको संरक्षण तथा पुनर्निर्माणका लागि २० लाख रुपैयाँ छुट्याइएको छ। शिक्षा क्षेत्रमा विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन स्मार्ट बोर्ड जडानका लागि १ करोड रुपैयाँ विनियोजन गरिएको छ।

सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई निःशुल्क पोशाक वितरण कार्यक्रमलाई निरन्तरता दिइएको छ। स्वास्थ्यतर्फ १५ शैयाको जीतपुरसिमरा नगर अस्पतालको भवन निर्माण यसै वर्ष सम्पन्न गरी सञ्चालनमा ल्याइने तथा सामान्य शल्यक्रिया सेवा समेत सुरु गरिने बजेटमा उल्लेख छ।

पूर्वाधार विकासतर्फ नगर क्षेत्रका सडक स्तरोन्नति, ग्रामीण क्षेत्रमा दुई वटा साझा बस सञ्चालन, मुख्य सडकमा सीसीटीभी जडान तथा कृषि सिँचाइ कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ। वडा नम्बर २ मा नमुना कार्यक्रमका रूपमा सुरु गरिएको डिजिटल घर पहिचान कार्यक्रमलाई आगामी वर्ष सबै २४ वडामा विस्तार गरिने भएको छ।

वातावरण तथा विपद् व्यवस्थापनतर्फ प्लास्टिकमुक्त नगर अभियान, वृक्षारोपण, पर्सा राष्ट्रिय निकुञ्जको सहकार्यमा पथलैयामा जंगली जनावरका लागि होल्डिङ सेन्टर निर्माण गर्न २० लाख रुपैयाँ विनियोजन गरिएको छ। त्यस्तै, बकुलिया खानेपानी ट्याङ्कीबाट वडा नम्बर ५, ६, ७ र ८ मा स्वच्छ खानेपानी वितरणका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने लक्ष्यसहित उपमहानगरपालिकाको डिजिटल प्रोफाइल निर्माणका लागि १ करोड २० लाख रुपैयाँ विनियोजन गरिएको छ। साथै नापी र मालपोत सम्बन्धी सेवा आगामी आर्थिक वर्षदेखि उपमहानगरपालिकाबाटै उपलब्ध गराउने तयारी गरिएको छ। चालु आर्थिक वर्षमा २ अर्ब १ लाख रुपैयाँको बजेटमध्ये असार ९ गतेसम्म १ अर्ब ११ करोड २ ९ लाख रुपैयाँ अर्थात् ५५.४२ प्रतिशत खर्च भएको उपप्रमुख अधिकारीले जानकारी दिए।

पूँजीगत खर्च ४०.४२ प्रतिशत पुगेको र असार मसान्तसम्म करिब ६० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। बजेट वक्तव्यमा २०८२ भदौमा भएको 'जेन-जी आन्दोलन' का क्रममा उपमहानगरपालिकाले भौतिक तथा आर्थिक क्षति व्यहोरेको उल्लेख गर्दै क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र सेवा प्रवाहलाई नियमित बनाउन आगामी वर्ष पनि आवश्यक स्रोत सुनिश्चित गरिएको जनाइएको छ।

उपमहानगरपालिकाको १४ औँ नगरसभाअन्तर्गत दोस्रो बैठक नगर प्रमुख राजन पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो। बैठकमा आर्थिक वर्ष २०८१/०८२ को महालेखापरीक्षकको अन्तिम प्रतिवेदन कार्यपालिका सदस्य चतुरबाबु वाग्लेले प्रस्तुत गरेका थिए।

# तातो हावाको लहर कायमै रहने सम्भावना



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा बिहीबार बिहान हावाहुरीसंगै पानी परे पनि दिनभर नै अत्यधिक गर्मी रहेको छ। देशका पश्चिमी तराई क्षेत्रमा तातो हावाको लहर (हिटवेभ) को प्रभाव बिहीबार पनि कायमै रहने सम्भावना छ। जल तथा मौसम विज्ञान विभागले बिहीबार सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराईका केही स्थानमा तातो लहर चल्ने सम्भावना रहेको जनाएको छ।

विभागका प्रवक्ता विभूति पोखरेलले गण्डकी र लुम्बिनी प्रदेशका तराई क्षेत्रमा अत्यधिक गर्मीका कारण जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भएकाले विशेष सतर्कता अपनाउन आग्रह समेत गर्नुभयो।

विभागको मौसम पूर्वानुमानअनुसार आज धनगढीको अधिकतम तापक्रम ३८ देखि ४० र नेपालगञ्जमा अधिकतम तापक्रम ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्ने सम्भावना छ। भैरहवा, वीरगञ्ज, घोराही र सिमरामा तापक्रम ३५ देखि ३८ डिग्री सेल्सियसको हाराहारीमा रहने अनुमान गरिएको छ।

कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भू-भागमा भने मेघगर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ। काठमाडौँ उपत्यका, पोखरा, धनकुटा, विराटनगर, धरान तथा ताप्लेजुङलगायत क्षेत्रमा वर्षाको सम्भावना छ। काठमाडौँ उपत्यकाको आजको अधिकतम तापक्रम २८ देखि ३० डिग्रीसेल्सियस रहने पूर्वानुमान गरिएको छ।

विभागले अत्यधिक गर्मीको समयमा बासिन्दालाई दिउँसो अनावश्यक रूपमा घर बाहिर ननिस्कन, प्रशस्त पानी पिउन, हल्का तथा सुती कपडा लगाउन र बालबालिका, ज्येष्ठ नागरिक तथा दीर्घरोगीको विशेष हेरचाह गर्न अनुरोध गरेको छ। जलवायुविद्का अनुसार, जलवायु परिवर्तनका कारण पछिल्ला वर्षमा नेपालका तराई क्षेत्रमा तातो लहरको अवधि र तीव्रता बढ्दै गएको देखिन्छ।

# ट्राफिक नियम उल्लंघनमा ढाँड सेक्ने गरी चर्को जरिवाना

**टुडे समाचारदाता**

काठमाण्डू। ट्राफिक एवं सरकारले सवारी नियम उल्लंघन गर्दा सरकारले अब सवारी चालकको ढाँड सेक्ने गरी निकै चर्को जरिवानासहित कडा मापदण्डको तयारी गरेको छ।




सरकारले सवारी नियम उल्लंघन गर्नेलाई न्यूनतम ५ सयदेखि अधिकतम १ लाख रूपैयाँसम्म जरिवाना गर्ने गरी नयाँ कानुनको तयारी थालेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तयार पारेको नयाँ विधेयकको मस्यौदामा जरिवानाको दरमा गरिएको भारी वृद्धिले सामान्य लापरबाहीमा पनि चालकलाई चर्को जरिवानाको व्यवस्था गरिएको हो।

'यातायात सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मा मापसेदेखि अपारदर्शी सिसा प्रयोग गर्नेसम्मलाई कडा कारबाहीको दायरामा ल्याइएको छ। सडकको निर्धारित स्थानबाहेकका ठाउँबाट हिँड्ने पैदलयात्रीले पनि ५ सय जरिवाना तिर्नुपर्ने मस्यौदामा उल्लेख छ।

विधेयकमा सवारी साधनमा अपारदर्शी सिसा प्रयोग गर्ने वा सिसामा बाहिरबाट भित्र नदेखिने गरी अन्य वस्तु राख्ने चालकलाई सबैभन्दा बढी १ लाख रूपैयाँसम्म जरिवाना गर्ने प्रस्ताव गरिएको छ।

त्यस्तै, मादक पदार्थ वा लागू पदार्थ सेवन (मापसे/लापसे) गरी सवारी चलाएको पाइएमा सवारीको प्रकार अनुसार २५ हजार, ३५ हजार र ५० हजार रुपैयाँसम्म जरिवाना तोकिएको छ। तोकिएको गति सीमाभन्दा ६० प्रतिशतभन्दा बढी गतिमा सवारी कुदाएमा पनि भारी जरिवाना हुने व्यवस्था गरिएको छ।

प्रस्तावित कानुनमा विभिन्न ट्राफिक नियम उल्लंघनमा लेन अनुशासन पालना नगरेमा, फुटपाथमा सवारी चलाएमा, एकतर्फी (वान-वे) सडकमा विपरीत दिशाबाट सवारी चलाएमा वा सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरेमा १० हजार जरिवाना, अनुमति नलिई विदेशी सवारी साधन चलाएमा २५ हजार रूपैयाँ, सार्वजनिक सडकमा मालसामान वा निर्माण सामग्री राखेर बाटो अवरुद्ध पारेमा ५ हजार देखि २५ हजारसम्म, सार्वजनिक सवारीले तोकिएको सीट क्षमताभन्दा बढी यात्रु बोकेमा ५ हजार देखि २० हजारसम्म, सवारी प्रदूषण परीक्षण प्रमाणपत्र नराखेमा ५ हजार देखि १५ हजारसम्मको चर्को जरिवानाको व्यवस्था गरिएको छ।

यस्तै ढोका खुला राखेर सवारी चलाएमा वा अवस्था ठीक नभएको सवारी चलाएमा ५ हजार रुपैयाँ, ट्राफिक संकेत (ट्राफिक लाइट/चिह्न) पालना नगरेमा ३ हजार देखि ५ हजारसम्म, सुरक्षा पेटी (सीट बेल्ट) वा हेल्मेट नलगाई सवारी चलाएमा ३ हजार रूपैयाँः, ट्राफिक जरिवानाको भुक्तानी डिजिटल माध्यमबाटै गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ। नागरिक एप वा अन्य विद्युतीय प्रणालीबाट जरिवाना तिर्न सकिनेछ।

यदि चालकले तत्काल जरिवाना भुक्तानी नगरेमा ट्राफिक प्रहरीले सवारी चालक अनुमतिपत्र (लाइसेन्स), ब्लुबुक वा बाटो इजाजतपत्र नियन्त्रणमा लिन सक्नेछ। जरिवाना भुक्तानी गरेपछि मात्र यी कागजात फिर्ता दिइनेछ।

सवारी नियम पटक-पटक उल्लंघन गर्नेलाई थप दण्डको व्यवस्था गरिएको छ। एउटै गल्ती दोहोऱ्याएमा दोस्रो पटकमा ५० प्रतिशत र सोभन्दा बढी पटक गल्ती गरेमा शतप्रतिशत थप जरिवाना लाग्नेछ। यातायात निरीक्षकहरूलाई जुनसुकै समयमा जाँच गर्न सक्ने गरी सवारी साधन, कागजात र चालकको व्यवहार निरीक्षण गर्ने पूर्ण अधिकार दिइएको छ।

# बाखालाई जोगाउन खोज्दा एकको मृत्यु



**टुडे समाचारदाता**

रौतहट। रौतहटको गुजरा नगरपालिकामा सडकमा अचानक आएको बाखासँग मोटरसाइकल ठोक्किँदा एक युवकको मृत्यु भएको छ भने अर्का एक जना गम्भीर घाइते भएका छन्।

बुधबार साँझ करिब ७ बजेर ५ मिनेट जाँदा गुजरा नगरपालिका-५ हरिहरपुरस्थित भित्री सडकखण्डमा कनकपुरबाट हरिहरपुरतर्फ जाँदै गरेको बा ९३ प ७५८८ नम्बरको मोटरसाइकल दुर्घटनामा परेको हो। मोटरसाइकलले सडकमा रहेको बाखालाई ठक्कर दिँदा बाखाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा मोटरसाइकल चालक चन्द्रपुर नगरपालिका-५ का २३ वर्षीय आमोद चौधरी र पछाडि सवार २४ वर्षीय दिपेश चौधरी गम्भीर घाइते भएका थिए। उनीहरूलाई तत्काल उपचारका लागि चन्द्रपुर अस्पताल, चपुर पुऱ्याइएको थियो।

उपचारकै क्रममा दिपेश चौधरीलाई चिकित्सकले राति ७:५५ बजे मृत घोषणा गरेका जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमले जानकारी दिए। दुर्घटनामा घाइते चालक आमोद चौधरीको टाउको तथा शरीरका विभिन्न भागमा चोट लागेको छ। उनको अस्पतालमा उपचार जारी रहेको प्रहरीले जनाएको छ।

मृतक चौधरीको शव पोस्टमार्टमका लागि अस्पतालमा राखिएको छ भने दुर्घटनामा संलग्न मोटरसाइकल इलाका प्रहरी चौकी हरिनगरको नियन्त्रणमा रहेको छ। घटनाको जानकारी प्राप्त हुनासाथ असई रामेश्वर महतोको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## भूमि प्रशासन कार्यालय गौर, रौतहट

### नामसारी सम्बन्धी हकदावी वारे ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साविक गा.वि.स.औरैया गा.पा.वार्ड नं.-१ हाल ईशनाथ न.पा.-३ मा वस्ने शिव राय यादवको नाति लोचन राय यादवको छोराहरु उपेन्द्र राय यादव, अनिल राय यादव र सुनिल राय यादवले आफ्नो बुवा/आमा नाता पर्ने लोचन राय यादवको नाउँमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट गा.वि.स.औरैया वडा नं.१ कित्ता नं.३५९ को ज.वि.०-१-०, ऐ.ऐ.कित्ता नं.३३६ को ज.वि.०-३-०, ऐ.ऐ.वडा नं.८ कित्ता नं.५७० को ज.वि.०-३-० र ऐ.ऐ.वडा नं.२ख कित्ता नं.१९ को ज.वि.०-०-८ समेतको जग्गा नामसारी गरी पाउँ भनी द.नं.१४२१३ मिति-२०८३/०२/०६ गतेको माँग निवेदन भई आएकोमा मोठ भिडान हुदा मोठ कायम रही रोक्का नदेखिएको साथै दर्तावालाको नाम लोचन राउत ग्वार औरैया मात्र उल्लेख रही वतन र तिनपुस्ते समेतको विवरण नरहेको भनि मोठ फाँटबाट लेखिआएको साथै ईशनाथ न.पा.-३ को चलानी नं.११४४ मिति-२०८३/०१/१० गतेको किटानी सिफारिश समेत भै आएकोमा सोको माँग वमोजिम नामसारी सम्बन्धि हकदावी वारे सम्वन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई म्याद नाघेपछि पेश गर्ने भनी मिति-२०८३/०३/०२ गतेको आदेशा वमोजिम सोको हकदावी वारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा मोठ श्रेस्ता कायम गरी नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफू वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून वमोजिम नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | औरैया | १ | ३५९ | ०-१-० | लोचन राउत ग्वार औरैया |
| रौतहट | औरैया | १ | ३३६ | ०-३-० | लोचन राउत ग्वार औरैया |
| रौतहट | औरैया | ८ | ५७० | ०-३-० | लोचन राउत ग्वार औरैया |
| रौतहट | औरैया | २ख | १९ | ०-०-८ | लोचन राउत ग्वार औरैया |


# बोक्सी प्रथाविरुद्ध जागरण अभियान

**टुडे समाचारदाता**

रौतहट। रौतहटको कटहरिया नगरपालिका-९ डूमरियामा बोक्सी प्रथा न्यूनीकरण तथा अन्धविश्वासविरुद्ध सचेतना फैलाउने उद्देश्यले जनचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ।



केही समयअघि सोही क्षेत्रमा एक दलित महिलामाथि बोक्सीको आरोप लगाएर मानव मलमूत्र खुवाइएको अमानवीय घटना सार्वजनिक भएपछि उक्त कार्यक्रमको आयोजना गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय रौतहट अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र गरुडा, जिल्ला प्रशासन कार्यालय रौतहट, इलाका प्रहरी कार्यालय गरुडा बजार तथा 'मान्छे बोक्सी हुँदैन कहिल्यै' राष्ट्रिय जागरण अभियान नेपालको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो।

कोविद शरण उपाध्यायको अध्यक्षतामा आयोजित कार्यक्रममा इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपि शंकर प्रसाद आचार्य प्रमुख अतिथि तथा जिल्ला प्रशासन कार्यालयका प्रशासनिक अधिकृत राज कुशवाहा विशिष्ट अतिथि रहेका थिए। कार्यक्रममा प्रहरी कर्मचारी, स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, भद्रभलाद्मी तथा सर्वसाधारण गरी करिब १८० जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा वक्ताहरूले बोक्सी आरोपका नाममा हुने हिंसा, विभेद र अमानवीय व्यवहार कानुनतः दण्डनीय अपराध भएको उल्लेख गर्दै अन्धविश्वास अन्त्यका लागि सामूहिक प्रयास आवश्यक रहेको बताएका थिए।

उल्लेखनीय रूपमा, गत वैशाख १९ गते कटहरिया-९ की करिब ५५ वर्षीया पूर्व वडा सदस्य अंकलिया देवी मुसहरिनलाई बोक्सीको आरोप लगाउँदै केही व्यक्तिहरूले जबर्जस्ती मानव मलमूत्र खुवाएका थिए। एक बालक बिरामी परेको घटनालाई आधार बनाएर उनीमाथि जादुटुना गरेको आरोप लगाइएको थियो।

घटनापछि प्रहरीले उनको उद्धार गरी उपचार गराएको थियो भने उक्त घटनाले देशभर चर्चा पाएको थियो। सोही घटनापछि स्थानीय तह, प्रशासन, प्रहरी तथा नागरिक समाजले समुदायस्तरमै सचेतना अभिवृद्धि गर्न थालेका छन्। पछिल्लो कार्यक्रमलाई बोक्सी प्रथाजस्ता कुरीति विरुद्धको सामाजिक अभियानलाई थप सशक्त बनाउने प्रयासका रूपमा हेरिएको छ।

विश्लेषकहरूका अनुसार कानुनी कारबाहीसँगै समुदायमा चेतनाको विकास, शिक्षा र सामाजिक संवादलाई प्रभावकारी बनाउन सके मात्र यस्ता अमानवीय घटनाको पुनरावृत्ति रोक्न सकिनेछ। कटहरियामा आयोजित यो कार्यक्रम त्यस दिशामा सकारात्मक कदमका रूपमा लिइएको छ।

# भेनेजुएलको भूकम्पमा १० हजार बढीको मृत्यु हुन सक्ने आशंका

एजेन्सी

काठमाडौं। भेनेजुएलामा आएका दुई शक्तिशाली भूकम्पका दश हजारभन्दा बढीको मृत्यु भएको हुन सक्ने आशंका गरिएको छ।

भूकम्पका कारण ठूलो जनधनको क्षति भएको आशंका गरिएको छ। अमेरिकी भौगर्भिक सर्वेक्षण निकाय यूएसजीएले मृतकहरूको संख्या १०,००० देखि एक लाख जनासम्मको मृत्यु हुन सक्ने अनुमान गरेको छ। यद्यपि त्यो वास्तविक सङ्ख्या नभई अनुमान मात्र हो। वास्तविक संख्या कम वा बढी जे पनि हुन सक्छ।

यूएसजीएले आपत्कालीन सेवाका कर्मचारी, सरकारी निकाय र सञ्चारमाध्यमलाई यो भूकम्प कति घातक हुन सक्छ भनेर बुझाउन उक्त संख्या सार्वजनिक गरेको हो।

यता कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले अहिलेसम्म कम्तीमा १६४ जनाको मृत्यु भएको बताएको समाचारसंस्था रोएटर्स र एएफपीले जनाएका छन्। यूएसजीएका अनुसार पहिलो भूकम्प ७.२ र दोस्रो ७.५ म्याग्निट्यूड मापन गरिएको छ। पहिलो भूकम्प गएको ३९ सेकेन्डपछि त्यसभन्दा शक्तिशाली दोस्रो भूकम्प आएको थियो।

अधिकारीहरूले भूकम्पबाट भएको मानवीय तथा भौतिक क्षतिबारे बुझ्ने काम भइरहेको बताएका छन्। राजधानी कराकसमा उद्धारकर्मीहरूले भत्किएका भवनका अवशेषबाट केही मानिसहरूले सहायता मागेको सुनिएको बताएका छन्।

भूकम्पपछि कार्यवाहक राष्ट्रपति रोड्रिगेजले देशमा सङ्कटकाल घोषणा गरेकी छन्। उनका अनुसार क्षतिका कारण देशको प्रमुख अन्तर्राष्ट्रिय विमानस्थल बन्द भएको छ। विमानस्थलबाट धुलो उडेको र मानिसहरू भाग्दै गरेको देखिने भिडिओहरू सार्वजनिक भएका थिए।

राजधानी कराकसको पश्चिमी क्षेत्रमा स्थानीय समयानुसार साँझ ६ बजेपछि आएका भूकम्पपछि मानिसहरू घरबाहिर निस्किएका थिए।

# बालबालिकाहरु अझै जोखिमपूर्ण श्रम गर्न बाध्य



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा बालबालिकाहरु अझै जोखिमपूर्ण श्रममा संलग्न रहेको मानवअधिकारकर्मीहरुको भनाई छ।

स्थानीय तह र प्रदेश सरकारले बालश्रममुक्त घोषणा कार्यक्रमलाई प्राथमिकतामा नराख्दा मधेश प्रदेशका विभिन्न क्षेत्रमा बालबालिका अझै जोखिमपूर्ण श्रममा संलग्न हुन बाध्य रहेको मानवअधिकारकर्मीहरूले बताएका छन्।

सप्तरीका सुरुङ्गा नगरपालिका र खड्ग नगरपालिका बालश्रममुक्त घोषणा भइसके पनि सिरहाका १७ वटै स्थानीय तह हालसम्म बालश्रममुक्त घोषणा हुन सकेका छैनन्। मानवअधिकारवादी तथा सामाजिक अभियन्ता देवराज पोखरेलकाअनुसारलहान,गोलबजार, मिर्चैया र कर्जन्हा नगरपालिकाका दलित समुदायका बालबालिका होटल, इँटाभट्टा, विंगर तथा ट्याक्टरमा सहायकका रूपमा काम गर्न बाध्य छन्। कतिपय बालबालिका सडक किनारमा कवाडी संकलन गर्ने, नदीबाट गिट्टी-बालुवा निकाल्ने जस्ता जोखिमपूर्ण श्रममा समेत संलग्न छन्।

उनले नेपालको संविधानको धारा ३९ ले बालबालिकाको अधिकार सुनिश्चित गरे पनि बालश्रम ऐन, २०५६, बालश्रम नियमावली, २०६२ तथा बालबालिका ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन हुन नसक्दा बालश्रम नियन्त्रण चुनौतीपूर्ण बनेको बताए।

अर्का मानवअधिकारवादी राजकुमार राउतका अनुसार सिरहाका स्थानीय तहसँग विद्यालयबाहिर रहेका, सडकमा बसोबास गर्ने तथा जोखिमपूर्ण श्रममा संलग्न बालबालिकाको यथार्थ तथ्याङ्कसमेत उपलब्ध छैन। तथ्याङ्क अभावकै कारण बालश्रम उन्मूलनका कार्यक्रम प्रभावकारी बन्न नसकेको उनको भनाइ छ।

उनका अनुसार विकासलाई भौतिक पूर्वाधार निर्माणसँग मात्र जोडेर हेर्ने प्रवृत्तिका कारण जनप्रतिनिधिहरूले बालश्रममुक्त वडा तथा पालिका घोषणा अभियानमा अपेक्षित चासो दिएका छैनन्। सरकारी तथा गैरसरकारी निकाय, जनप्रतिनिधि र सुरक्षा निकायबाट प्रयास भए पनि दीर्घकालीन तथा परिणाममुखी कार्यक्रम सञ्चालन हुन नसक्दा बालश्रम उन्मूलन हुन नसकेको आरोप लाग्दै आएको छ।

प्रदेशका राजधानी समेत रहेका जनकपुरधामका वडा नम्बर १ सहित एक दर्जनभन्दा बढी वडाका दलित समुदायका बालबालिकाहरु विद्यालय नगई जोखिमपूर्ण बालश्रममा लागेका छन्। हुनत उनीहरु विद्यालयमा नाम लेखाएका छन। तर पारिवारिक आर्थिक आभावले कहिलेपनि विद्यालय जाँदैनन्।

उनीहरू बिहान-साँझ कवाडी सामग्री संकलन, बिहेवारीमा रोडलाइट बोक्ने, ईटा भट्टा लगायतमा जोखिमपूर्ण काम गर्दै आएका छन्। रोडलाईट र ईटा भट्टामा काम गर्दा दैनिक ५ सयदेखि ८ सय रुपैयासम्म पाउने गर्छन।

> मधेश प्रदेशसभा सदस्य राजेन्द्र प्रसाद चौधरीले बालश्रममुक्त घोषणा गर्न न्यूनतम सातदेखि अधिकतम ५१ वटा सूचक पूरा गर्नुपर्ने भए पनि अधिकांश स्थानीय तहले आवश्यक तयारी गर्न नसकेको बताए।

मधेश प्रदेशसभा सदस्य राजेन्द्र प्रसाद चौधरीले बालश्रममुक्त घोषणा गर्न न्यूनतम सातदेखि अधिकतम ५१ वटा सूचक पूरा गर्नुपर्ने भए पनि अधिकांश स्थानीय तहले आवश्यक तयारी गर्न नसकेको बताए।

हुनत प्रदेश सरकार समेतले बालबालिकाको हक अधिकार सम्बन्धमा ऐन ल्याएको छ। ७ वर्षअघि ल्याइएको कानून कार्यान्वयनमा आउन नसक्दा समेत प्रदेशका बालबालिकाहरु बालश्रमतर्फ उन्मुख छन्। विद्यालयबाहिर रहेका विशेषगरी मुसहर समुदायका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालनको विषय प्रदेशसभामा पटक-पटक उठाए पनि नीति, कार्यक्रम र बजेटमा समुचित सम्बोधन हुन नसकेको बताए।

# जनकपुरधामसहित मधेशका १४ नगरपालिकाले ल्याएन बजेट




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका राजधानी समेत रहेका धनुषाका जनकपुरधाम उपमहानगरपालिका सहित प्रदेशका १० वटा नगरपालिकाले बजेट ल्याउन सकेको छैन।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि तोकिएको समयसीमा असार १० गतेभित्र १४ वटा नगरपालिकाले नगरसभा गर्न नसक्दा आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेट नगर सभामा पेस गर्न नसकेको तथ्य सार्वजनिक गर्न सकेको छैन।

नेपाल नगरपालिका संघका अनुसार देशभरका २९३ महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामध्ये २७९ वटा स्थानीय तहले समयमै बजेट प्रस्तुत गरेका छन् भने १४ वटा स्थानीय तह विभिन्न आन्तरिक असमझदारी तथा प्राविधिक कारणले बजेट ल्याउन असफल भएका छन्।

प्रदेशगत रूपमा हेर्दा मधेस प्रदेशमा बजेट प्रस्तुत गर्न नसक्ने स्थानीय तहको संख्या सबैभन्दा बढी देखिएको छ। प्रदेशका ७७ नगरपालिकामध्ये ६७ वटाले मात्र समयमै बजेट पेस गरेका छन् भने १० वटा स्थानीय तहले बजेट ल्याउन सकेनन्।

समयमै बजेट प्रस्तुत गर्न नसक्नेमा जनकपुरधाम उपमहानगरपालिकासहित अन्य नगरपालिकाहरुमा रौतहटका गरुडा, गढीमाई, कटहरिया र फतुवा विजयपुर नगरपालिका, धनुषाका जनकपुरधाम उपमहानगरपालिका, कमला नगरपालिका र विदेह नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका, सिराहाको सुखीपुर नगरपालिका तथा महोत्तरीको जलेश्वर नगरपालिका रहेका छन्।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार प्रत्येक स्थानीय तहले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट हरेक वर्ष असार १० गतेभित्र नगर सभामा अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था छ। समयमै बजेट पेस नगर्दा स्थानीय तहको वार्षिक विकास योजना प्रभावित हुने मात्र नभई संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँड रकममा कटौती हुन सक्ने कानुनी व्यवस्था रहेको छ।

मेयर मनोज साह कुनै कार्यक्रममा सहभागी हुन नेपाल बाहिर इजरायल गएका कारण जनकपुरधाम उपमहागरपालिकाले नगरसभा गर्न नसकेको बुझिएको छ। उपमहानगरपालिकाका उपमेयर किशोरी साहले मेयर साब यहाँ नरहेका कारण समयमा नगरसभा गर्न नसकिएको नभएको बताएका छन्।

यस्तै विदेह नगरपालिकाका प्रमुख बेचन दासले आर्थिक वर्ष २०८१/८२ को फछ्र्यौट हुन नसकेका कारण नगरसभा गर्न नसकिएको बताएका छन्। उनले भने, 'जेनजी आन्दोलनको क्रममा अफिसमा आगो लगाइदियो। पुरानो हाकीम साहेबले फाइल प्रमाणित गर्दा हरहिसाब फछ्र्यौट गर्न बांकी रहेकाले नगरसभा गर्न सकिएको छ्न।'

उता, कमला नगरपालिकाका मेयर विशेश्वर यादवले जनप्रतिनिधि विवादले समयमा नगरसभा गर्न नसकेको बताउंछन। उनले अब चाँडै बोर्डको बैठक बसेर नगरसभाको मिति तय गर्ने बताए।

नगरसभा गर्ने धनुषाका स्थानीय तहहरूमा गणेशमान चारनाथ नगरपालिका, बटेश्वर गाउँपालिका, लक्ष्मिनीयाँ गाउँपालिका, नगराइन नगरपालिका, औरही गाउँपालिका, क्षीरेश्वरनाथ नगरपालिका, धनुषाधाम नगरपालिका, मिथिला नगरपालिका रहेको छ। यस्तै, सबैला नगरपालिका, शहीदनगर नगरपालिका, जनकनन्दिनी गाउँपालिका, मिथिला बिहारी नगरपालिका, मुखियापट्टी मुसहरनियाँ गाउँपीलका, हंसपुर नगरपालिका र धनौजी गाउँपालिका रहेका छ।

केही स्थानीय तहले नगरसभाबाट बजेट पारित समेत गरिसकेको छ भने अधिकांशको नगरसभामा पेश भएपनि पारित हुन बाँकी छ। उनीहरुले असार मसान्तको विभिन्न मितिमा नगरसभा गरेको छ।

# अर्थमन्त्रीको गाडीमा तोडफोड गर्ने पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराई चढ्ने सरकारी गाडीमा तोडफोड गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा महोत्तरी गाउँपालिका-६ निवासी जितेन्द्र मिश्र रहेको जनाइएको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक एवं निमित्त प्रवक्ता मनोज यादवका अनुसार मिश्रलाई बिहीबार दिउँसो सीसीटीभी फुटेजका आधारमा मधेश भवन परिसरबाटै पक्राउ गरिएको हो।

प्रहरीका अनुसार उनी स्कारपियो गाडी चढेर पुनः मधेश भवन पुगेका बेला नियन्त्रणमा लिइएका हुन्।

बुधबार बिहान करिब ११ बजे अर्थमन्त्री भट्टराई प्रयोग गर्ने ज १ झ ४४१ नम्बरको सरकारी गाडी मन्त्रालय अगाडि पार्किङमा राखिएको बेला गाडीमा जडान गरिएको राष्ट्रिय झण्डा भाँचेर फालेका थिए।

सीसीटीभी फुटेजमा स्कारपियोबाट ओर्लिएका एक व्यक्तिले गाडी वरिपरि निरीक्षण गरेपछि राष्ट्रिय झण्डा भाँचेर भुइँमा फालेको तथा मोबाइल फोनमा कुरा गर्दै मन्त्रालय परिसरभित्र प्रवेश गरेको देखिएको प्रहरीले जनाएको छ। ती व्यक्ति करिब चारदेखि पाँच मिनेटसम्म परिसरमा रहेको फुटेजमा देखिएको छ।

घटनापछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाल को टोली घटनास्थलमा पुगेर मधेश भवनमा करिब तीनदेखि चार घण्टासम्म अनुसन्धान गरेको थियो। पछि पुनः उनी सोही स्कारपियोमा चढेर मन्त्रालय पुग्दो प्रहरीले पक्राउ गरेका थिए। उनले कति कारणले गाडीमा तोडफोड गरेको बारे थप अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ।

# जगाको न्यूनतम मूल्य निर्धारण प्रक्रिया अघि बढाइयो



**टुडे समाचारदाता**

जलेश्वर। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि महोत्तरी जिल्लामा जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने प्रक्रिया अघि बढाइएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले सार्वजनिक सूचना जारी गरी सरोकारवाला निकाय, स्थानीय तह तथा सर्वसाधारण नागरिकसँग राय, सुझाव र आवश्यक विवरण उपलब्ध गराउन आग्रह गरेको छ।

मालपोत नियमावली, २०३६ को नियम ५(ख) बमोजिम जिल्लाका भूमि प्रशासन कार्यालयहरूमा रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण समितिले जग्गाको मूल्य पुनरावलोकन गर्ने कार्य अघि बढाएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार जग्गाको न्यूनतम मूल्यलाई यथार्थपरक, वस्तुगत, समय सापेक्ष तथा व्यवहारिक बनाउने उद्देश्यले सम्बन्धित पक्षबाट सुझाव संकलन गर्न लागिएको हो। प्राप्त सुझाव तथा विवरणलाई अध्ययन र विश्लेषण गरी प्रचलित कानुनअनुसार मूल्य निर्धारण प्रक्रियामा समावेश गरिने प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जनाएको छ।

कार्यालयले सम्बन्धित स्थानीय तहहरूमार्फत आगामी असार २२ गतेभित्र राय, सुझाव तथा आवश्यक विवरण पठाउन अनुरोध गरेको छ। यस प्रक्रियाले जिल्लाभित्रको जग्गा कारोबारलाई थप पारदर्शी र वास्तविक बजार मूल्यसँग नजिक बनाउने विश्वास गरिएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले भूमि कारोबारसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्ति, व्यवसायी, स्थानीय जनप्रतिनिधि तथा नागरिकलाई सहभागिता जनाउन आग्रह गरेको छ।

# श्रीमतिको हत्या आरोपमा राय पक्राउ

**टुडे समाचारदाता**

रौतहट। रौतहट प्रहरीले आफ्नै श्रीमतीको हत्या गरेर फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा फतुवा विजयपुर नगरपालिका-६ पेटभर्वा टोलका ४२ वर्षीय महन्थ राय यादव रहेका छन्। उनीमाथि आफ्नी ३२ वर्षीया श्रीमती आरती देवी यादवको हत्या गरेको आरोप लगाइएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार गत फागुन ३ गते आफ्नै घरको सुत्ने कोठामा धारिलो हतियार प्रयोग गरी आरती देवीको हत्या गरिएको थियो। घटनापछि फरार रहेका यादवको खोजी कार्य प्रहरीले निरन्तर रूपमा जारी राखेको थियो।

प्रहरीले प्राविधिक विश्लेषण तथा विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय लक्ष्मिनिया विजयपुरबाट खटिएको संयुक्त टोलीमार्फत उनलाई फतुवा विजयपुर नगरपालिका-८ विजयपुर क्षेत्रबाट पक्राउ गरेको जनाएको छ।

पक्राउ परेका यादवमाथि हत्या सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए। घटनापछि लामो समयसम्म फरार रहेका अभियुक्त पक्राउ परेसँगै घटनाको थप अगाडि बढाइएको प्रहरीले जनाएको छ।

# ठूलो परिमाणमा तस्करी सामाग्री बरामद



**टुडे समाचारदाता**

मलंगवा । सशस्त्र प्रहरीले सर्लाहीबाट ठूलो परिमाणमा तस्करी हुन लागेको सामान लोड भएको चार भारतीय बोलेरो पिकअप र एक नेपाली आईचर ट्रकसहित ५ वटा सवारी साधन समेत नियन्त्रणमा लिएको छ।

पछिल्लो समय बीउजन्य वस्तुको अवैध कारोबार बढ्दै गएको गुनासो बढ्दै गएको बेला सशस्त्र प्रहरी बलले तस्करी नियन्त्रणमा लगातार सक्रियता देखाएसँगै गएराति अबेर बलरा नगरपालिका-२ स्थित हतिवल बाँध नजिकको सीमावर्ती क्षेत्रबाट अवैध रूपमा भारततर्फ तस्करी हुँदै गरेको करिब एक करोड रुपैयाँ बराबरको खरबुजाको बीउ सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको हो।

असार १० गते राति करिब १० बजे विशेष सूचनाको आधारमा सीमा सुरक्षा गुल्म मुख्यालय सिमराबाट सशस्त्र प्रहरी नायव उपरीक्षक विष्णुदत्त अवस्थी, सीमा सुरक्षा गुल्म मुख्यालय मलंगवाबाट सशस्त्र प्रहरी नायव उपरीक्षक विष्णु अधिकारी तथा नं. १० गण मुख्यालय सर्लाहीबाट सशस्त्र प्रहरी निरीक्षक कृष्ण गुरुङको कमाण्डमा खटिएको करिब ८० जनाको संयुक्त टोलीले सीमा क्षेत्रमा छापा मारेको थियो।

टोलीले नेपालबाट भारततर्फ अवैध रूपमा लैजाँदै गरिएको २ सय बोरा खरबुजाको बीउ चार वटा भारतीय नम्बर प्लेटका बोलेरो र एक नेपाली नम्बर प्लेटको मिनी ट्रकमा लोड गरिएको अवस्थामा फेला पारेको थियो। सशस्त्र प्रहरी पुगेको थाहा पाए लगत्तै संलग्न व्यक्तिहरू गाडी तथा सामान छाडेर फरार भएका थिए।

त्यसपछि प्रहरीले गाडीसहित सामान नियन्त्रणमा लिएको जनाएको छ। मधेस प्रदेश-०३-००२ख ०३०६ नम्बरको आईचर ट्रक, बिआर ३० जीबि २६७२ नम्बरको भारतीय बोलेरो पिक अप, बिआर ०६ ई ९६२९ नम्बरको बोलेरो पिकअप, बिआर ०६ जीएच ११२१ र बिआर ०६ जीजी ९४७१ नम्बर गरेर ४ भारतीय बोलेरो पिकअप गाडी रहेका छन्।

बरामद गरिएको खरबुजाको बीउको अनुमानित मूल्य एक करोड रुपैयाँ रहेको बताइएको छ। सामान तथा सवारी साधन आवश्यक कारबाहीका लागि सर्लाही भन्सार कार्यालय पठाइएको छ भने फरार व्यक्तिहरूको खोजी भइरहेको सशस्त्र प्रहरी वल सर्लाहीका प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक एकराज बुरलाकोटीले जनाएको छ।

# गोडैतामा अस्पताल उद्घाटन

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको गोडैता नगरपालिका ३ सिमरा भगवतीपुरमा निर्मित १५ शय्या क्षमताको नगर अस्पताल भवन उद्घाटन गरिएको छ।

निर्माण सम्पन्न भएको अस्पताल भवन निर्माण व्यवसायीले नगरपालिकालाई हस्तान्तरण गरेपछि औपचारिक रूपमा नगरपालिकाका नगरप्रमुख देवेन्द्रकुमार यादवले उद्घाटन गरेका हुन्।

नगरप्रमुख यादवले सुवेदीले नगरप्रमुख यादव तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हेमबहादुर कार्कीलाई हस्तान्तरण गरेका थिए।

भारतीय सीमासँग नजिक रहेको सिमरा भगवतीपुर क्षेत्रमा अस्पताल भवन निर्माण भएपछि स्थानीयवासी उत्साहित भएका छन्। उनीहरूले अस्पतालमा शीघ्र चिकित्सक तथा स्वास्थ्यकर्मी नियुक्त गरी नियमित स्वास्थ्य सेवा सञ्चालन गर्न माग गरेका छन्। हाल यस क्षेत्रका बासिन्दा




अस्पतालमा आवश्यक चिकित्सक तथा स्वास्थ्यकर्मी नियुक्त गरी स्थानीयवासीलाई सहज र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य रहेको बताए। उनका अनुसार अस्पताल सञ्चालनमा आएपछि स्थानीय नागरिकले आधारभूत तथा आवश्यक स्वास्थ्य सेवा आफ्नै क्षेत्रमा प्राप्त गर्नेछन्।

नगरपालिकाका अनुसार अस्पताल भवन न्यू ड्रागन निर्माण सेवा प्रालि, काभ्रेले २० करोड ६६ लाख ७६ हजार १ सय १७ रुपैयाँ ७५ पैसाको लागतमा निर्माण सम्पन्न गरेको हो। नवनिर्मित अस्पताल भवन निर्माण कम्पनीका प्रतिनिधि उत्तम

सामान्यदेखि जटिल उपचारका लागि भारतीय बजारका स्वास्थ्य संस्था वा सदरमुकाम मलङ्वास्थित प्रादेशिक अस्पतालसम्म पुग्न बाध्य छन्।

नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख प्रमोद पण्डितका अनुसार तत्कालका लागि सिमरा भगवतीपुर स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीलाई नगर अस्पतालमा स्थानान्तरण गरी आधारभूत स्वास्थ्य सेवा सञ्चालन गरिएको छ। अस्पतालमा आवश्यक चिकित्सक तथा स्वास्थ्यकर्मी नियुक्तिका लागि आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा आवश्यक व्यवस्था समेत गरिएको उनले जानकारी दिएका छ्न।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं**

शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुन सक्छ,

**मधुमेहले,**

- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ।

मधुमेहबाट बच्न,

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जङ्कफूड तथा तारेका, भुटेका र प्रशोधित खानाहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८